# परिशिष्ट ङ

# साहित्यिक र अन्य पत्रिकाको सूची

**मासिक**

१ ***आदर्श-वाणी*** - प्र.सं. लक्ष्मण शास्त्री, प्र. आदर्श छात्र सङ्घ, आदर्श विद्यालय, विराटनगर, दर्ता नभै प्रकाशित, पहिलो अङ्क २००९ साउनमा प्रकाशित, भाषा - नेपाली र हिन्दी, मूल्य- ६ आना, २००९ कात्तिकमा वर्ष-१ अङ्क ३।४ संयुक्ताङ्कको रूपमा प्रकाशित भै त्यसपछि प्रकाशन हुन छाडेको, "विराटनगरको सर्वप्रथम मासिक" भनी उल्लेख गरिएको ।

२ ***हाम्रो नेपाल*** - सं. महानन्द सापकोटा, प्र. थाहा हुन नसकेको, दर्ता नभै प्रकाशित, पहिलो अङ्क २०११ भाद्रमा प्रकाशित, मूल्य ८ आना, प्रकाशन बन्द ।

३ ***ज्योति*** - सं. आनन्दलाल श्रेष्ठ, प्र. थाहा हुन नसकेको, दर्ता नभै प्रकाशित, पहिलो अङ्क २०१२ कात्तिकमा प्रकाशित, भाषा नेपाली/हिन्दी, जम्मा कति अङ्क प्रकाशित भयो थाहा हुन नसकेको, प्रकाशन बन्द ।

४ ***छात्र-छात्रा*** - सं. देवीप्रसाद काफ्ले र पृथ्वी मास्के, प्र. पुस्तक संसार, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०१६ असोजमा प्रकाशित, मूल्य ४० पैसा, २०१६ मङ्सिरमा तेस्रो अङ्क निस्केपछि प्रकाशन बन्द ।

५ ***पारिजात*** - सं. विपिनदेव ढुङ्गेल, प्र. हिमालचुली प्रकाशन, को.अं.द.नं. ३२।०२४, पहिलो अङ्क २०२५ वैशाखमा प्रकाशित, मूल्य रु. १।५०, २०२६ जेठमा पूर्णाङ्क १४ प्रकाशित भै बन्द भएको साहित्यिक पत्रिका ।

६ ***नेपाली माटो*** - सं. चन्द्रप्रसाद नेपाली, प्र. घायल प्रकाशन, दर्ता नभएको, पहिलो अङ्क २०२६ जेठमा प्रकाशित, भाषा नेपाली, मूल्य ५० पैसा, एक अङ्कमात्र प्रकाशित भएको देखिएको, साहित्यिक सँगालो ।

७ ***नेपाल जूट*** - सं. गणेशप्रसाद भण्डारी, प्र. नेपाल जूट विकास समिति, प्र.जि.अ. कार्यालय, मोरङ दर्ता नं. १।०२९, पहिलो अङ्क २०२८ पुसमा प्रकाशित, चौथो अङ्कसम्म विना दर्ता र सम्पादकको नाम उल्लेख नभई प्रकाशित, पछि सो पत्रिकाको नाम *जूट समाचार* परिवर्तन गरिएकोमा २०३७ असारदेखि पुनः *नेपाल जूट* नामबाट नै प्रकाशित, २०३८ मङ्सिर २६ मा पुनः दर्ता भै दर्ता नं. १३।०३८-३९ रहेको, प्र. जूट विकास तथा व्यापार संस्थान, सरकारले जूट विकास तथा व्यापार संस्थान खारेज गरेपछि पत्रिका बन्द, निःशुल्क वितरण हुने गरेको, समय-समयमा सम्पादक परिवर्तन ।

८ ***दर्पण*** - सं./प्र. जयप्रसाद दाहाल, अं.का.बा.द.नं. ३।०२५-२६, विराटनगरबाट २०३१ फागुनमा पहिलो अङ्क (वर्ष ७ अङ्क ७) प्रकाशित, विराटनगरबाट प्रकाशित हुनुअघि काठमाडौंबाट प्रकाशन हुने गरेको, २०३४ पुसमा वर्ष १० अङ्क २८ निस्केपछि प्रकाशन बन्द, प्रायः विभिन्न आकारमा संयुक्ताङ्कका रूपमा प्रकाशित, दर्ता नं. काठमाडौंकै ।

९ ***पञ्चायती खबर*** - सं. नारायणप्रसाद नेपाल, प्र. जिल्ला पञ्चायत सचिवालय, मोरङ, जि.का.मो.द.नं. ६(क), प्रकाशित भए-नभएको थाहा हुन नसकेको ।

१० ***विकास परिचय*** - सं./प्र. जयप्रसाद दाहाल, का.जि.का.द.नं. १०।०३५-३६, पहिलो अङ्क २०३५ वैशाखमा प्रकाशित, विविध विषयको मासिक, काठमाडौंमा दर्ता भए पनि विराटनगरबाट प्रकाशित, प्रकाशन बन्द ।

११ ***प्रतिभा*** - सं./प्र. जयप्रसाद दाहाल, का.जि.का.द.नं. ४७।०३६-३७, पहिलो अङ्क २०३६ वैशाखमा प्रकाशित, भाषा-नेपाली, विविध विषययुक्त, काठमाडौंमा दर्ता भए पनि विराटनगरबाट प्रकाशित, प्रकाशन बन्द ।

१२ ***सिर्जना -*** सं. योगेन्द्र तिमिल्सिना, प्र. गोविन्द तिवारी, जि.का.मो.द.नं. ८।०३५-३६, पहिलो अङ्क २०३६ जेठमा प्रकाशित, साहित्यिक पत्रिका, तीन अङ्क जति प्रकाशित भै बन्द ।

१३ ***विचार -*** सं./प्र. महेश प्रसाईं, दर्ता नभएको, पहिलो अङ्क २०३६ असार-साउनमा संयुक्ताङ्कका रूपमा प्रकाशित, मूल्य अनुल्लिखित, दोस्रो अङ्क २०३६ असोजमा निस्केपछि प्रकाशन बन्द, साहित्य प्रधान ।

१४ ***सौगात*** - सं./प्र. चन्द्रकुमार गदाल, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०३६ असोजमा प्रकाशित, जम्मा चार अङ्क प्रकाशित भै बन्द, मूल्य रु.२।-, साहित्य प्रधान ।

१५ ***सन्देश*** - सं./प्र. पुष्पराज गड्तौला, मो.जि.का.द.नं. १२।०३८-३९, पहिलो अङ्क प्रकाशित सामग्रीका आधारमा २०३६ फागुनमा निस्केको अनुमान, दर्ता हुनु अघि सात अङ्क प्रकाशित, वर्ष २ अङ्क ३।४ (२०३८ सालको साउनपछि) दर्ता भएपछिको पहिलो अङ्क, सुरुमा मासिक भनिए पनि दर्ता गराउँदा भने पाक्षिक समाचारपत्रका रूपमा दर्ता, अहिले दैनिक भै अनियमित रूपमा प्रकाशित भैरहेको ।

१६ ***तुलसी*** - सम्पादिका समिरा अधिकारी, प्र. सन्देश प्रकाशन, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०३८ पुसमा निस्केको, मूल्य रु.१।५०, प्रकाशन बन्द ।

१७ ***साथी*** - सं./प्र. सुदर्शन श्रेष्ठ, मो.जि.का.द.नं. ३३।०३९-४०, पहिलो अङ्क २०३९ पुसमा प्रकाशित, बेलाबेलामा काठमाडौंबाट प्रकाशित भैरहेको ।

१८ ***पूर्व-क्षितिज*** - सं./प्र. जयप्रकाश आनन्द, मो.जि.का.द.नं. ३८।०३९-४०, पहिलो अङ्क २०४० वैशाखमा प्रकाशित, सुरुमा “राजनीतिक पत्रिका”को रूपमा निस्केकोमा पछि “सामान्य ज्ञानसम्बन्धी पत्रिका”को रूपमा नियमित प्रकाशन, हाल बन्द ।

१९ ***बोटबिरुवा*** - सं. ध्रुवकुमार छारा, प्र. नेपाल किसान सङ्गठन, कोशी अञ्चल, मो.जि.का.द.नं. ४६।०४०-४१, पत्रिका प्रकाशन नभएको ।

२० ***अणिमा -*** सं. सुनील माम्खाली, प्र. गहेली साहित्य परिवार विराटनगर, दर्ता नभएको, एक अङ्क मात्र २०४१ मा प्रकाशित भै बन्द ।

२१ ***वरण*** - सं. बलराम पोखरेल, प्रकाशक अनुल्लिखित, जि.का.मो.द.नं. ५०।०४२-४३, पहिलो अङ्क २०४२ भाद्रमा प्रकाशित, २०४८ साउन-असोजमा पुनः प्रकाशित भएको र सो अङ्कमा विचारप्रधान त्रैमासिक भनिएको, मूल्य रु.५।- ।

२२ ***अनुशीलन*** - प्रधान सम्पादक र सञ्चालक- पी.पी. सिटौला, कार्यकारी सम्पादक नारद ओझा, प्र. के.पी. सिटौला, जि.का.मो.द.नं. ५७।०४३-४४, पहिलो अङ्क २०४३

कात्तिकमा प्रकाशित, "विविध विषययुक्त स्तरीय मासिक" भनिएको, अङ्कहरू प्रायः संयुक्ताङ्कका रूपमा प्रकाशित, प्रकाशन बन्द ।

२३ ***छावा***- सं. सेवक र श्रमिक, प्र. छावा प्रकाशन, बेलवारी-२, दर्ता नभएको, पहिलो अङ्क २०४८ सालमा प्रकाशित, महिना थाहा हुन नसकेको ।

२४ ***सौगात***- सं. बोधराज निरौला सहित चार जना, प्रकाशक थाहा हुन नसकेको, बेलवारीबाट प्रकाशित, एक अङ्क २०५१ सालमा प्रकाशित भएर बन्द ।

२५ ***झरना*** - सं./प्र. सिरोज नेपाल, मो.जि.का.द.नं. ९५।०५१-५२, मासिक समाचारपत्र भनिएको, प्रकाशित भए-नभएको जानकारी अनुपलब्ध ।

२६ ***रानीचरी*** - सं.भक्तशेर लिम्बू, प्र. रानीचरी परिवार, केरावारी-९, २०५२ सालमा एक अङ्क प्रकाशित भएको पाइएको, महिना थाहा हुन नसकेको ।

२७ ***साहित्यिक तिर्खालु*** - सं. भक्तशेर लिम्बू, प्र. तिर्खालु परिवार, बेलबारी, पहिलो अङ्क २०५३ सालमा प्रकाशित भएको, अन्य विवरण अनुपलब्ध ।

२८ ***फूलबारी*** - सम्पादक मण्डल वीरेश राई, प्रदीप लम्साल र क्षितिज सुवेदी, प्र. भानुसाझा पुस्तकालय, सुन्दरपुर ७, मो.जि.का.द.नं. १२२।०५४, पहिलो अङ्क २०५४ भाद्रमा प्रकाशित, वर्ष २ अङ्क १, २०५६ को वैशाखमा प्रकाशित, मासिक भनिए पनि मासिक रूपमा प्रकाशित हुन नसकेको ।

२९ ***विराट दर्पण*** - प्रधान सम्पादक राघव सुवेदी, प्र. कर्मचारी इकाई समिति, दर्ता नभएको, एक अङ्क मात्र २०५७ असोजमा प्रकाशित, मूल्य रु.२५।-, नगरपालिकासम्बन्धी तथ्याङ्कगत विवरण र केही साहित्यिक रचना सङ्गृहित ।

३० ***कोशी प्रवाह*** - प्रधान सम्पादक हेमराज भण्डारी, सम्पादक तथा प्रकाशक तुलसीप्रसाद ओझा, कार्यकारी सम्पादक भक्तशेर लिम्बू, मो.जि.का.द.नं. १२५।०५७-५८, पहिलो अङ्क माघ २०५७ मा प्रकाशित, अन्य अङ्कबारे जानकारी हुन नसकेको ।

३१ ***इन्फोसाइन्स*** - प्रधान सम्पादक सुरेन्द्र घिमिरे, प्र. उमेन्द्रविलास लुइँटेल र सुरेन्द्र घिमिरे, मो.जि.का.द.नं. १२६।०५७-५८, भाषा नेपाली र अङ्ग्रेजी, पहिलो अङ्क वैशाख, २०५८ मा प्रकाशित, मिति थाहा नभएको, चैत २०५९ सम्ममा ११ अङ्क प्रकाशित, विज्ञानका विभिन्न पक्षमा लेखिएका विद्यार्थीका लागि उपयोगी हुने सामग्रीसहित निस्कने गरेको, मूल्य रु.१०।-, आठ पृष्ठ, सुरुमा टचाबलोइड आकारमा निस्केकोमा पछिल्ला अङ्कको आकार परिवर्तन गरी प्रकाशित ।

३२ ***काँचुली*** - सं. डगलसिंह शेर्मा, प्र. प्रेमबहादुर शेर्मा लिम्बू (उर्लाबारी), मो.जि.का.द.नं. १३२।०५८-५९, समकालीन मासिक पत्रिका भनिएको ।

३३ ***माई फ्रेण्ड*** - प्रधानसम्पादक गगन विश्वास, प्र. सुमन विश्वास, मो.जि.का.द.नं. १४०।०५९-६०, पहिलो अङ्क जुलाई २००२ (असार-साउन, २०५९) मा प्रकाशित, भाषा- नेपाली र अङ्ग्रेजी, मूल्य रु.१०।-, जनवरी २००३ सम्ममा छ अङ्क प्रकाशित, छात्रछात्राका लागि उपयोगी सामग्रीसहित प्रकाशन हुने गरेको ।

३४ ***अखण्ड देशप्रेम*** - सं. रियन्द्रबहादुर थापा, प्र. बगाले थापा समाजसेवा प्रतिष्ठान, उर्लाबारी, मो.जि.का.द.नं. १४४।०५९-६०, पत्रिकाबारे अन्य विवरण थाहा हुन नसकेको ।

३५ ***झझरकी*** - सं. भोलाराम चौधरी, प्र. सुमन विश्वास, मो.जि.का.द.नं. १४५।०५९-६०, भाषा- थारु ।

**द्वैमासिक**

१ ***छहारी*** - सम्पादक मण्डल चूडामणि रेग्मी, गणेश भण्डारी, बल्लभमणि दाहाल र कोशराज रेग्मी, प्र. कोशराज रेग्मी, मो.वि.गो.द.नं. ७७८६, पहिलो अङ्क २०१५ साउनमा प्रकाशित,

मूल्य रु.१।-, २०१५ असोज-मङ्सिरमा दोस्रो र तेस्रो अङ्क संयुक्त रूपमा प्रकाशित, साहित्यिक पत्रिका, प्रकाशन बन्द ।

२ ***हिमाली सौगात*** - सं. पूर्णप्रकाश नेपाल, प्र. हिमाली सौगात प्रकाशन, प्र.जि.अ.का.मो.द.नं. ५।०३१, द्वैमासिकको रूपमा पहिलो अङ्क २०३१ साउनमा दर्ता भएपछि प्रकाशित, त्यसअघि सामयिक सङ्कलनका रूपमा जम्मा आठ अङ्क प्रकाशित, समीक्षा तथा अनुसन्धान-मूलक पत्रिका, २०५०।५१ सालसम्म अनियमित तवरले निस्के पनि त्यसपछि बन्द ।

३ ***पूर्वको रातो झण्डा*** - सम्पादक तथा प्रकाशकका साथै पहिलो अङ्कबारे पनि केही थाहा हुन नसकेको, तर २०३४ सालको साउन-भदौमा अङ्क १० प्रकाशित भएको कुरा २०५८ फागुन-चैतमा प्रकाशित अङ्क ११ मा उल्लिखित, अङ्क ११ देखि पत्रिकाको नाम *रातो झण्डा,* प्रधान सम्पादक- भीम आचार्य, प्र. अञ्चल प्रचार विभाग, नेकपा (एमाले), अञ्चल कार्यालय, मोरङ, दर्ता नभएको, मूल्य रु.२५।-, नेकपा (एमाले) कोशी अञ्चल समन्वय समितिको मुखपत्र ।

४ ***प्रारम्भ*** - सं./प्र. मोहन निरौला, दर्ता नभै प्रकाशित, पहिलो अङ्क २०३६ भदौ-असोजमा निस्केको, दोस्रो अङ्क २०३६ मङ्सिर-पुसमा साहित्यिक रूपमा प्रकाशित भएपछि "समाचारपत्र" भै २०३७ पुससम्ममा जम्मा आठ अङ्क निस्की प्रकाशन बन्द ।

५ ***ठेट्ना*** - सं./प्र. वासुदेव कोइराला, दर्ता नभै जम्मा एक अङ्क २०३६ पुस-माघमा निस्की प्रकाशन बन्द, मूल्य रु.२।-, साहित्यिक ।

६ ***संसार*** - सं. श्यामकृष्ण उपाध्याय, प्र. आलोक प्रकाशन, विराटनगर, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०३६ फागुन-चैतमा प्रकाशित, भाषा- नेपाली, मूल्य-रु.३।५०, संयुक्ताङ्कका रूपमा समेत गरी पाँच अङ्क *संसार* नामबाट प्रकाशित भएपछि पूर्णाङ्क ६ दधिराज सुवेदीको सम्पादन र गणेश भट्टराईको प्रकाशनमा २०३८ भाद्र-मङ्सिरमा निस्केको, त्यसपछि प्रकाशन बन्द, पूर्णाङ्क ६ *नवसंसार*को नामबाट निस्केको, सार सङ्कलन भनिएको, मोरङबाट निस्केका साहित्यिक पत्रिकाहरूमध्ये स्तरीय र विविधतापूर्ण सामग्री भएको पत्रिका ।

७ ***ऋचा*** - सं. शैलेश आचार्य, प्र. रोहिणी भट्टराई, मो.जि.का.द.नं. ३२।०३९-४०, पहिलो अङ्क २०३६ फागुन-चैतमा प्रकाशित, मूल्य रु.३।-, डाइजेष्ट पत्रिका, पहिलो र दोस्रो अङ्क २०३७ वैशाख-जेठमा प्रकाशित भएको तर दर्ता भएपछि प्रकाशन बन्द ।

८ ***प्रवाह*** - सं./प्र. प्रेमदास उप्रेती, पत्रिका उपलब्ध नभएकाले अन्य विवरण थाहा हुन नसकेको ।

९ ***नागबेली*** - प्रधान सम्पादक तथा प्रकाशक अन्जुकुमारी सिंह, सम्पादक विवश पोखरेल, जि.का.का.द.नं. ९१।०३५-३६, काठमाडौंमा दर्ता भएर प्रकाशित भैरहेकोमा २०४५ पुस-माघ (वर्ष-१०, अङ्क १) देखि जम्मा चार अङ्क विराटनगरबाट प्रकाशित, साहित्यिक सामग्री ।

१० ***दौंतरी*** - सं. ओम आचार्य, प्र. ओम आचार्य, दर्ता नभएको, पहिलो अङ्क काठमाडौंबाट आनन्द आचार्यको सम्पादन तथा प्रकाशनमा निस्किए पनि दोस्रो अङ्क २०४८ जेठ-असारमा र तेस्रो अङ्क २०४९ वैशाख-असारमा प्रकाशित भएर बन्द, प्रजातान्त्रिक विचारमा प्रतिबद्ध साहित्यप्रधान द्वैमासिक ।

११ ***अन्वेषण*** - प्रधान सम्पादक डा. गणेश क्षेत्री, सम्पादकहरू अनिलकुमार पोखरेल, अपारकुमार लम्साल, मेदानीप्रसाद सेढाईं, रामचन्द्र रायमाझी र गुणनाथ गौतम, प्र. इतिहास संस्कृति विभाग, स्नातकोत्तर क्याम्पस, विराटनगर, पहिलो अङ्क २०५८ असोजमा प्रकाशित, मूल्य रु.२५०।-, अनुसन्धानमूलक जर्नल ।

१२ ***सोलोइ*** - प्रधान सम्पादक रामप्रसाद दुधिया धिमाल, प्र. धिमाल भाषा तथा साहित्य उत्थान केन्द्र (नेपाल), दर्ता नभएको, पहिलो अङ्क २०५७ कात्तिकमा प्रकाशित, वर्ष २,

अङ्क ४, ५ र ६ संयुक्ताङ्कका रूपमा २०५९ साल मात्र उल्लेख गरी प्रकाशित, भाषा धिमाल र नेपाली, मूल्य रु.५।-, धिमाल भाषाको पहिलो पत्रिका, उर्लाबारीबाट प्रकाशित ।

१३. ***Computeronix*** – Editor Manoj Ghimire, Publisher Sudhir and Basanta, First Issue published on Mangsir 1, 2060, Page–4, Price Rs. 5.

१४ ***सङ्गालो*** - सम्पादक मण्डल - रमा बस्नेत र प्रचिल अधिकारी प्र. फरेन युवा सञ्जाल, मोरङ, दर्ता नभएको, पहिलो अङ्क २०६१ जेठमा प्रकाशित

**त्रैमासिक**

१ ***सोफो बाटो*** - सं. लक्ष्मण शास्त्री, प्र. नेपाली साहित्य समिति, विराटनगर, मो.वि.गो.द.नं. ८२१, पहिलो अङ्क २०१७ भाद्रमा प्रकाशित, मूल्य रु.४।-, जम्मा दुई अङ्क निस्केको, दोस्रो अङ्कको सम्पादन-"समितिको उपसमिति"द्वारा, त्यसपछि लामो समयसम्म प्रकाशन बन्द भएकोमा २०६० वैशाखमा मूलबाटो ३, गोरेटो ३ भनी तेस्रो अङ्क प्रकाशित, सम्पादकद्वय डा. सुशीला भण्डारी र कविराज नेउपाने, यस अङ्कमा छ कविता, चार कथा र तीन निबन्ध, नियमित निकाल्ने प्रतिबद्धता सम्पादकीयमा व्यक्त ।

२ ***देउसी*** - सं. बद्रीलाल राजभण्डारी र माधवप्रसाद भट्टराई, प्र. नेपाल युवक सङ्गठन, मोरङ, को.अं.द.नं. २८।०२३, पहिलो अङ्क २०२३ असोज-मङ्सिरमा प्रकाशित, मूल्य-३० पैसा, जम्मा सात अङ्क निस्केको, अन्तिम अङ्क २०२६ असारमा प्रकाशन भएको, पाँचौं र छैठौं अङ्कका सम्पादक बद्रीलाल राजभण्डारी र सातौँ अङ्कका सम्पादक भीम उदास ।

३ ***गुराँस*** - सं. वि. मिश्र, डी. मण्डल र केदारनाथ शर्मा, को.अं.द.नं. ३४।०२५-२६, प्र. पब्लिक हाई ईङ्गलिस स्कूल, रङ्गेली, पहिलो अङ्क २०२५ जेठमा प्रकाशित, भाषा नेपाली, अङ्ग्रेजी र हिन्दी, मूल्य- रु.२।-, पहिलो अङ्क दर्ता नभै प्रकाशित, वर्ष ३ अङ्क ६, २०२८ पुससम्म प्रकाशित भएको पाइएको, दोस्रो अङ्कदेखि सम्पादकमा केदार सत्याल र भीखमचन्द अग्रवाल "सरल" ।

४ ***थुम्को*** - सं. बालकृष्ण पोखरेल, प्र. गणेशप्रसाद भट्टराई, जानुका पुस्तक भण्डार, विराटनगर, को.अं.द.नं. ६।१०५८।०२६-२७, जम्मा एक अङ्क २०२७ जेठमा प्रकाशित भै बन्द, मूल्य रु.१।५०, कथैकथाको तीन महिने पत्रिका, एउटै विधामा केन्द्रित भै निस्केको मोरङको पहिलो पत्रिका ।

५ ***फेवा*** - सं. रमेश भट्टराई पाखे, प्र. फेवा साहित्यिक परिवार, मो.प्र.जि.अ.का.द.नं. २, पहिलो अङ्क २०२९ माघ-चैतमा प्रकाशित, मूल्य रु.२।-, दर्ता हुनुअघि पनि सामयिक सङ्कलनका रूपमा प्रकाशित भएको, बीचमा दुई वर्ष धरानबाट प्रकाशित भएपछि पुनः विराटनगरबाट प्रकाशन, २०३३ सालमा केही अङ्क समाचारपत्रका रूपमा प्रकाशित भएपछि बन्द भएकोमा रमेश भट्टराईद्वारा स्वामित्व हस्तान्तरणपश्चात् २०४९ सालदेखि उर्लाबारीबाट दुर्गाप्रसाद भट्टराईको सम्पादन एवं प्रकाशनमा पाक्षिक रूपमा प्रकाशित हुँदै आएको, नियमित ।

६ ***मधुबिन्दु*** - सं./प्र. जयप्रसाद दाहाल, प्र.जि.अ.को.का.(मो.)द.नं. ३।०३०-३१, पहिलो अङ्क २०३० असोजमा प्रकाशित, दर्ता हुनुअघि तीन अङ्क प्रकाशित (२०२९ वैशाख, २०२९ कात्तिक र २०३० वैशाख), दर्ता हुनुअघि निस्केको पहिलो अङ्कमा "त्रैमासिक पत्रिका" र दोस्रो/तेस्रो अङ्कमा "सामयिक सङ्कलन" भनिएको, जम्मा १९ अङ्क प्रकाशित भएको अनुमान ।

७ ***काफल*** - सं./प्र. शंकर चौलागाईं, प्र.जि.अ.का.मो.द.नं. ४।०३०, पहिलो अङ्क २०३० मा प्रकाशित, भाषा नेपाली, मूल्य- रु.१।-, दर्ता हुनुअघि पनि "छिमले सँगालो"को रूपमा प्रकाशित भएको, छिमल-६ फाँको १७, २०३२ माघसम्म निस्केको देखिएको, प्रकाशन बन्द ।

८ ***प्रतिष्ठा*** - सं./प्र. नारी कल्याण प्रतिष्ठान, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०३६ मङ्सिर-माघमा प्रकाशित, मूल्य रु.२।-, तेस्रो अङ्क २०३७ कात्तिक-पुसमा निस्किएपछि प्रकाशन बन्द, तेस्रो अङ्कको सम्पादकद्वयमा सुशीला भण्डारी र कालिका ढकाल ।

९ ***कदर*** - सं./प्र. राधेश्याम लेकाली, दर्ता नभएको, पहिलो अङ्क २०३६ फागुनमा प्रकाशित, मूल्य रु.२।-, तेस्रो अङ्क २०३८ असारमा निस्केपछि प्रकाशन बन्द, साहित्यिक त्रैमासिक भनिए पनि नियमित नभएको ।

१० ***Educational Review*** – Chief Editor D.P. Upadhyay, Publisher not mentioned, without registration first issue published on 1980, Language English, Price– Rs.3/–, a quarterly magazine.

११ ***हिडपा*** - सं./प्र. श्यामकुमार अधिकारी, जि.का.मो.द.नं. २१।०३९-४०, पहिलो अङ्क २०३९ कात्तिकमा प्रकाशित, मूल्य रु.४।-, त्रैमासिक साहित्यिक पत्रिकाको रूपमा दर्ता भए पनि सामयिक रूपमा प्रकाशित भैरहेको ।

१२ ***कौशिक*** - प्रधान सम्पादक/प्र. मेदिनीप्रसाद नेपाल, जि.का.मो.द.नं. ३९।०३९-४०, जम्मा एक अङ्क २०४० वैशाख-असारमा प्रकाशित भएपछि प्रकाशन बन्द, मूल्य रु.५।-, ऐतिहासिक, साहित्यिक, सांस्कृतिक तथा विचार प्रधान भनिएको ।

१३ ***कथाक्रम*** - सं./प्र. इन्दिरा प्रसाईं, मो.जि.का.द.नं. ५१।०४२-४३, एक अङ्क प्रकाशित भै बन्द, कथाप्रधान पत्रिका ।

१४ ***धारा*** - सं./प्र. मेदिनी भण्डारी, पहिलो अङ्क विना दर्ता २०४२ पुसमा प्रकाशित, मूल्य अनुल्लिखित, पछि जि.का.मो.द.नं. ५२।०४२-४३ मा दर्ता भएपछि २०४५ मा संयुक्त अङ्क भनी ५ र ६ छापिएको, यस अङ्कको सम्पादक जीवन अधिकारी, कविता मात्र प्रकाशित ।

१५ ***मोरङ व्यापार पत्रिका*** - सं. लक्ष्मणकुमार नेवटिया, प्र. मोरङ व्यापार सङ्घ, विराटनगर, जि.का.मो.द.नं. ५३।०४२-४३, पहिलो अङ्क विना दर्ता २०४२ माघमा प्रकाशित र सो अङ्कको सम्पादक मण्डलको संयोजकमा हरिचरण शर्मा, भाषा नेपाली र अङ्ग्रेजी, मूल्य रु.५।-, हाल पनि प्रकाशित भैरहेको, आकार र सम्पादकमा समय-समयमा परिवर्तन ।

१६ ***अठोट*** - सं. दीपक मुडभरी मित्र, प्र. उदय विभात र प्रकाश थापा, द.नं.सु. १।०३४-३५, मूल्य रु.३।-, हेटौंडाबाट प्रकाशित भैरहेकोमा सम्पादक विराटनगर आएपछि वर्ष ९ पूर्णाङ्क १८।१९ (संयुक्ताङ्क) २०४३ जेठ-कात्तिकको अङ्कदेखि विराटनगरबाट प्रकाशित, पूर्णाङ्क २० प्रकाशन भएपछि सम्पादकले विराटनगर छाडेपछि विराटनगरबाट प्रकाशन बन्द ।

१७ ***प्रतिष्ठान*** - प्रधान सम्पादक नरेन्द्र चापागाईं, प्र. पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०४३ साल मङ्सिर-पुस-माघतिर प्रकाशित, पूर्वाञ्चल साहित्य प्रतिष्ठानको मुखपत्रका रूपमा प्रकाशित, साहित्यिक सामग्रीहरू ।

१८ ***वेदज्योति*** - प्रधान सम्पादक गोकुलप्रसाद पोखरेल, सं./प्र. मेघप्रसाद उपाध्याय दाहाल, मो.जि.का.द.नं. ६१।०४४-४५, पहिलो अङ्क २०४५ फागुनमा प्रकाशित, बीचमा एक वर्ष दुई अङ्क प्रकाशित अरू वर्ष नियमित, अहिले तेह्रौं वर्षको अङ्क ३ सम्म प्रकाशित भैसकेको, आध्यात्मिक वैदिक सिद्धान्तमा आधारित तीन महिने पत्रिका ।

१९ ***गो-सेवा*** - सम्पादक समूह डा. भेषप्रसाद धमला, भीखमचन्द सरल, कविराज न्यौपाने, अच्युतप्रसाद रिजाल र मूलचन्द तापडिया, प्र. श्रीकृष्ण गो-सेवा सदन, विराटनगर,

दर्ता नभएको, पहिलो अङ्क २०४६ सालमा प्रकाशित भएको अनुमान, छैठौँ अङ्क २०४७ सालको साउन-भदौमा प्रकाशित, गोरक्षा, संरक्षण, सम्बर्द्धन तथा गो-सेवासम्बन्धी प्रकाशन, मुखपत्र भनिएको ।

२० ***प्रभात*** - सम्पादक तथा प्रकाशक जीतेन्द्र जीत, रा.ना. सुधाकर र विनोदचन्द्र, दर्ता नभएको, पहिलो अङ्क असोज, २०४७ मा प्रकाशित, भाषा-मैथिली, दोस्रो अङ्क कथा अङ्कका रूपमा प्रकाशित भै बन्द ।

२१ ***शैक्षिक मञ्च***- सं. मोहनप्रसाद काफ्ले, प्र. शैक्षिक मञ्च प्रकाशन समिति, केराबारी, दर्ता नभएको, पहिलो अङ्क २०४८ वैशाख-असारमा प्रकाशित, जम्मा दुई अङ्क प्रकाशित ।

२२ ***सिर्जना*** - प्रधान सम्पादक गुरुराज घिमिरे, प्र. स्वतन्त्र विद्यार्थी युनियन, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, दर्ता नभएको, पहिलो अङ्क २०५० असोजमा प्रकाशित, अन्य प्रकाशित अङ्कबारे जानकारी नभएको ।

२३ ***नवप्रतिभा*** - सं. हरिप्रसाद गौतम, प्र. ग्रामीण विकास समाज, लेटाङ्ग, मोरङ, एक अङ्क मात्र २०५३ सालमा प्रकाशित ।

२४ ***वनिता*** - जि.प्र.का.मो.द.नं. १२१।०५६-५७, पहिलो अङ्क ०५६ पुस-फागुनमा प्रकाशित ।

२५ ***विराटनगर अन्तरसम्बन्ध*** - प्रधान सम्पादक कुलप्रसाद निरौला, प्र. गाउँ नगर साझेदारी कार्यक्रम, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क वैशाख, २०५८ मा प्रकाशित, हालसम्म चार अङ्क प्रकाशित, आन्तरिक प्रयोजनका लागि प्रयोग, प्रकाशक पछि गाउँ-नगर साझेदारी शाखा, विराटनगर उपमहानगरपालिका, त्रैमासिक भनिए पनि तीन वर्षमा जम्मा चार अङ्क मात्र प्रकाशित ।

## अर्धवार्षिक

१ ***विज्ञान दर्पण*** - सं. नगेन्द्रप्रसाद घिमिरे, प्र. थाहा हुन नसकेको, प्र.जि.अ.मो.द.नं. ६।०३२, पहिलो अङ्क २०३२ मा प्रकाशित, मोरङबाट निस्केको विज्ञानसम्बन्धी पहिलो पत्रिका, प्रकाशन बन्द ।

२ ***जनआवाज*** - सम्पादक मण्डल पर्शुराम कटुवाल, वासुदेव पौडेल र खड्ग बस्नेत, प्र. प्रगतिशील लेखक कलाकार सङ्घ, केराबारी, एक अङ्क २०३८ सालमा प्रकाशित ।

३ ***किसान*** - सं. कृष्णराज कोइराला, प्र. नेपाल किसान सङ्गठन, नगर स्तरीय प्रारम्भिक समिति, विराटनगर, बिना दर्ता प्रकाशित, पहिलो अङ्कको प्रकाशन २०४० असार, अन्तिम चौथो अङ्क २०४२ असोज-मङ्सिरमा प्रकाशित भै बन्द ।

४. ***Nepalese Development Studies*** – Editor Khagendra Acharya, Krishna Pokharel, Hiranya Prasad Gautam, Rameshchandra Poudel and Upendra Koirala, Publisher Centre for Research, Management Consultancy and Feasibility Studies Pvt. Ltd., Registration No. M.D.A.O.-56/043–44, First Issue published without Registration on November 1985 (Kartik 2042), Price– Rs.40/–, US Dollar–5/–, Language English/Nepali.

५ ***आदर्श युग*** - सं./प्र. लक्ष्मण नेवटिया, मो.जि.का.द.नं. ९०।०५०-५१, भाषा नेपाली, हिन्दी र आवश्यकतानुसार अन्य भाषा, पत्रिकालाई साहित्यिक तथा वैचारिक अर्धवार्षिक भनिए पनि पत्रिका भने एक अङ्क पनि प्रकाशित भएको नदेखिएको ।

## वार्षिक

१ ***प्रकाश*** - सं. पूनमचन्द सुराना र भीमसिंह जैन, प्र. मोरङ कालेज, विराटनगर, मो.वि.गो. २२४५।०१६, पहिलो अङ्क २०१६ मङ्सिरमा प्रकाशित, भाषा- नेपाली, अङ्ग्रेजी र हिन्दी,

मूल्य- रु. १।५०, एक अङ्क निस्की बन्द भएकोमा पुनः मो.वि.गो.द.नं. २२।०२१ मा दर्ता भै वि.सं. २०२१ मा प्रकाशित, सं. लक्ष्मणप्रसाद आचार्य, त्यसपछि २०२३, २०२४, २०२८-२९, २०२९, २०३२ सालमा विभिन्न विद्यार्थीहरूको सम्पादनमा प्रकाशित, तेस्रो अङ्कका सम्पादक रामकृष्ण जोशी, चौथोका शंकर चौंलागाईं, कृष्ण पोखरेल र भीष्मभूषण सङ्ग्रौला, पाँचौका रमेश पोखरेल, छैठौँका सुनील अर्ज्याल, सावित्री आचार्य र रमानाथ भट्टराई, सातौँका महेन्द्र मोरङ कलेज र आठौँका महेश प्रसाईं ।

२ ***चुलाचुली*** - सं. लेखनाथ घिमिरे, प्र. लेखनाथ वाचनालय, मधुमल्ला, एक अङ्क २०२८ सालमा प्रकाशित ।

३ ***पिपिरो*** - सं. कुमारबहादुर श्रेष्ठ, नरेन्द्र चापागाईं र उद्धव पौड्याल, प्र. त्रिभुवन आदर्श क्लब, दर्ता नभएको, पहिलो अङ्क २०३२, दोस्रो अङ्क २०३३ र तेस्रो अङ्क २०३४ मा निस्केपछि प्रकाशन बन्द, पछिल्ला दुई अङ्कका सम्पादकमा कुमारबहादुर श्रेष्ठ र उद्धव पौड्याल, त्रिभुवन आदर्श क्लबको वार्षिक मुखपत्र ।

४ ***मनोहर अभिव्यक्ति*** - सं. लेखनाथ घिमिरे, प्र. मनोहर जनता माध्यमिक विद्यालय, मधुमल्ला, पहिलो अङ्क २०३५ दशैंमा प्रकाशित ।

५ ***कोसेली*** - सं. कुलप्रसाद पौड्याल, मनोरथ ढकाल, दुर्गाप्रसाद ढुंगाना, नन्दलाल सापकोटा (शिक्षकबाट) र भूपाल मगर, डम्बरी घिसिङ, नवराज खतिवडा (विद्यार्थीबाट), प्र. राधिका माध्यमिक विद्यालय, उर्लाबारी, दर्ता नभै २०३६ सालमा प्रकाशित, विद्यालयको वार्षिक मुखपत्र ।

६ ***कोपिला*** - सम्पादक मण्डल डिल्लीराम रिमाल, हेमचन्द्र भण्डारी, प्रेमकुमार राई, केशवप्रसाद बराल, सुश्री कमलादेवी बराल, कुलबहादुर भुजेल र दुर्गाबहादुर भुजेल, प्र. महेन्द्र निम्न माध्यमिक विद्यालय, इटहरा, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०३८ पुसमा प्रकाशित, मूल्य रु.३।५० ।

७ ***मिलन*** - सम्पादक मण्डल- डा. टीकाराम शर्मा (संयोजक) लगायत अन्य सात जना, प्र. कर्मचारी मिलन केन्द्र, दर्ता नभएको, पहिलो अङ्क २०३८ पुसमा प्रकाशित, मूल्य अनुल्लिखित, केन्द्रको मुखपत्र, दोस्रो अङ्क २०४० पुसमा प्रकाशन भएको, सं. नारायणप्रसाद पराजुली र खिलध्वज थापा, चौथो अङ्क २०४६ मा प्रकाशित, सम्पादन मण्डलको संयोजक भरतकुमार प्रसाईं ।

८ ***कला सङ्गम*** - सं. गोपाल कलाप्रेमी, प्र. ललितकला सङ्गम, पूर्वाञ्चल, दर्ता नभएको, पहिलो अङ्क २०३८ पुसमा प्रकाशित, मुखपत्र भनिएको, २०४५ पुसमा प्रकाशित दोस्रो अङ्कको सम्पादक निवाश पोखरेल कलासम्बन्धी रचनाहरूको आधिक्यता ।

९ ***जुलूस*** - सम्पादकको नाम नभएको, प्र. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, मोरङ शाखा, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०३९ असोजमा निस्केको, मूल्य रु.४।- ।

१० ***मोरङ बोल्छ*** - सं./प्र. प्रगतिशील लेखक कलाकार सङ्घ, मोरङ, विना दर्ता प्रकाशित, हालसम्म देखिएको एक अङ्क २०३९ असोजमा प्रकाशित ।

११ ***Aman Udhan*** - Editors J.T. Melu, S.J., B. Koirala, Publisher St. Joseph's School, first issue published in 2041/42, Published without registration, Language– English/Nepali.

१२ ***अरनिको-वाणी*** - सं. दिनेश श्रेष्ठ, पूर्ण दाहाल, प्रमोद भट्टराई र सुभाष गोयल, प्र. अरनिको बोर्डिङ्ग स्कूल, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०४४ वैशाखमा निस्केको, भाषा- नेपाली/अङ्ग्रेजी, पछि पत्रिकाको नाम परिवर्तन गरी अङ्ग्रेजीमा *अरनिको मिरर* राखिएको, बीचमा केही वर्ष स्थगित भए पनि हाल पुनः निस्कन थालेको, सबैभन्दा पछिल्लो अङ्क (२०५७-५८) को सम्पादन समूहमा सन्देशदास श्रेष्ठ, आर. ढुङ्गेल र आर.एन. शर्मा ।

१३ ***गुराँस*** - सं. एकराज भट्टराईसहित सात जना, प्र. किरातेश्वर स्पोर्टिङ्ग क्लब, सुन्दरपुर, पहिलो अङ्क २०४८ मा प्रकाशित, केही अङ्क प्रकाशित भएको ।

१४ ***विहान*** - सं. गंगाप्रसाद रेग्मी र रुद्र दाहाल, प्र. कृषि विकास बैंक कर्मचारी सङ्घ, मोरङ, जम्मा एक अङ्क २०४९ सालमा प्रकाशित ।

१५ ***संस्कृति मञ्च*** - सं. प्रेम शर्मा माङजावुङगे, प्र. राष्ट्रिय जनसांस्कृतिक मञ्च, मोरङ, पहिलो अङ्क २०५० सालमा प्रकाशित ।

१६ ***प्रवाह*** - सं. सोमनाथ निरौला र गोपाल भण्डारी, प्र. उर्लावारी साहित्य समिति, उर्लाबारी, मोरङ, प्रकाशन मिति सम्भवतः २०५१ साल, पत्रिका उपलब्ध नभएकोले अरू विवरण थाहा हुन नसकेको ।

१७ ***क्षितिज*** - सं. बलरामप्रसाद उपाध्याय, दिनेशकुमार श्रेष्ठ र विशाल दाहाल, प्र. नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, मोरङ जिल्ला समिति, प्रकाशन २०५५ ।

१८ ***आवाज*** - प्रधान सम्पादक नारायण तिवारी, सम्पादकहरू अरूणकुमार कर्ण, रमेशकुमार शर्मा र दीपनारायण मास्के, प्र. नेपाल बैंक कर्मचारी सङ्घ, क्षेत्रीय समिति, विराटनगर, पहिलो अङ्क २०५५ वैशाखमा प्रकाशित, साहित्यिक सामग्रीहरू, आर्थिक एवं वित्तीय लेखहरू, कर्मचारी सङ्घका गतिविधिहरू समावेश गरी निस्केको वार्षिक मुखपत्र भए पनि सामयिक सङ्कलन भनिएको, हालसम्म पाँच अङ्क प्रकाशित, दोस्रो (२०५६ वैशाख) अङ्कका सम्पादकहरू अरूणकुमार कर्ण, रमेशकुमार शर्मा र दीपनारायण मास्के, तेस्रो (२०५७) अङ्कमा सम्पादकहरू हरिप्रसाद तिमल्सिना र कमलप्रसाद गौतम थपिएको, चौथो (२०५८) अङ्कका सम्पादकहरू रमेशकुमार शर्मा, केदार कार्की, दीपनारायण मास्के, हरिप्रसाद तिमल्सिना र यादवप्रसाद वस्ती, पाँचौ अङ्कका सम्पादकहरू केदार कार्की, दीपनारायण मास्के, हरिप्रसाद तिमल्सिना र यादवप्रसाद वस्ती ।

१९ ***अनुक्रम*** - सम्पादकत्रय गणेश गिरी, चन्द्रलाल ढकाल र नारायण पौडेल, प्र. पूर्वाञ्चल ग्रामीण विकास बैंक, विराटनगर, २०५५ असोज-कात्तिकमा एक अङ्क प्रकाशित, दर्ता नभएको ।

२० ***दुबो*** - सं. डनबहादुर कार्की, प्र. नेपाली साहित्य समाज, उर्लाबारी, जि.प्र.का.मो.द.नं. १०२, पहिलो अङ्क २०५६ मा निस्केको, २०५८ सम्ममा जम्मा तीन अङ्क प्रकाशित, पहिलो अङ्कमा सामयिक साहित्य सङ्कलन भनिए पनि वार्षिक रूपमा निस्केको, तेस्रो अङ्कको सम्पादकमा डनबहादुर कार्की र भूषण हुमागाईं ।

२१ ***फूलबारी*** - प्रधान सम्पादक अनिल पौडेल, प्र. नेपाल उत्पीडित जातीय मुक्ति समाज, मोरङ, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०५९ असोजमा प्रकाशित ।

२२ ***विराटेश्वर*** - सम्पादकहरू सुरेश प्रधान, मधुप्रसाद मरासिनी, वीरबहादुर राई, दामोदर भण्डारी आदि, प्र. अफिसर्स क्लब, मोरङ, दर्ता नभएको, पहिलो अङ्क २०५७ मा प्रकाशित, सहयोग मूल्य रु.१००।- ।

२३ ***भारद्वाज*** - सं. दधिराज सुवेदी, प्र. सुवेदी सेवा समाज, दर्ता नभएको, पहिलो अङ्क पुस, २०५९ मा प्रकाशित, मूल्य रु.१००।-, समसामयिक विचार सङ्कलन भनिएको, सम्पादकीयमा हरेक वर्ष प्रकाशन गर्ने उल्लेख ।

**सामयिक**

१ ***सुसेली*** - सं./प्र. गणेशप्रसाद भण्डारी र पुण्यप्रसाद आचार्य विद्रोही, दर्ता नभएको, जम्मा एक अङ्क २०१९ वैशाखमा प्रकाशित, मूल्य -।८० पैसा, कविता प्रधान पत्रिका ।

२ ***सप्तकोशी*** - सं. चन्द्रमणि दाहाल, प्रकाशक अनुल्लिखित, मो.वि.गो.द.नं. १७।०२०, पहिलो अङ्क २०२० असोजमा प्रकाशित, मूल्य रु.१।६०, एक अङ्क मात्रै प्रकाशित भएको जानकारी ।

३ ***फूलबारी*** - सं. महानन्द सापकोटा, दुर्गाबहादुर वर्मा, कृष्णप्रसाद श्रेष्ठ, देवीप्रसाद काफ्ले र राजकुमार पोखरेल, प्र. नेपाली साहित्यकार सम्पर्क समिति, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०२२ माघमा प्रकाशित, मूल्य रु.२।- अरू अङ्क प्रकाशनमा नदेखिएको ।

४ ***डम्फू*** - सं. शिव खरेल र माधव सापकोटा, प्र. हिमकला मन्दिर, पहिलो अङ्क दर्ता नभै प्रकाशित, दोस्रो अङ्कदेखि दर्ता नम्बर को.अं.का.द.नं. ३३।०२५-२६, पहिलो अङ्क २०२४ (महिना अनुल्लिखित)मा निस्केको, चौथो अङ्क २०२७ विजयादशमीमा प्रकाशित भएपछि निस्कन छाडेको, सांस्कृतिक पत्रिका ।

५ ***सामयिक साहित्य*** - सं. राजकुमार पोखरेल र विश्वराज पाण्डे, प्र. नेपाली साहित्यकार सम्पर्क समिति, दर्ता नभएको, एक अङ्क २०२४ असोजमा प्रकाशित, मूल्य रु.१।५० ।

६ ***हातेमालो*** - सं. बलराम पोखरेल, कृष्ण पोखरेल र नारायणप्रसाद आचार्य, प्र. नवीन युवक साहित्यिक समिति, दर्ता नभएको, एक अङ्क २०२५ तिहारमा प्रकाशित, मूल्य रु.१।५० ।

७ ***ऐंसेलु*** - प्रधान सम्पादक महानन्द सापकोटा, प्र. विराटनगर नगर पञ्चायत, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०२६ असोजमा निस्केको, जम्मा तीन अङ्क निस्की प्रकाशन बन्द, तेस्रो अङ्क (२०३० वैशाख) का सम्पादकद्वय देवकुमारी थापा र भीम उदास ।

८ ***प्रज्ञा-पृष्ठ (जनवार्ता)*** - प्रधान सम्पादक कोशराज रेग्मी, मो.वि.गो.द.नं. ५१२३ (दैनिक *जनवार्ता*कै दर्ता नम्बर), पुस्तकाकारमा जम्मा एक अङ्क मात्र २०२६ कात्तिकमा प्रकाशित, मूल्य रु.२।-, सामयिक साहित्यिक सङ्गालो ।

९ ***संकल्प*** - सं. शंकर चौलागाईं, गुरूप्रसाद गड्तौला र ऋषिराज बराल, प्र. प्राथमिक शिक्षक सङ्गठन, मोरङ, दर्ता नभएको, एक अङ्क २०२६ पुसमा निस्केको ।

१० ***काफल*** - सं. शंकर चौलागाईं र वासुदेव सुवेदी, प्र. राष्ट्रिय जागृति क्लब, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०२७ जेठमा प्रकाशित, *छिमले सँगालो* भनिएको, त्यसपछि २०२७ कात्तिकमा एक अङ्क गोजिकाको रूपमा निस्केको, प्रकाशक पनि परिवर्तन भै काफल परिवारको प्रकाशनमा केही अङ्क र पछि शंकर चौलागाईंकै प्रकाशकत्वमा दर्ता भएर पनि प्रकाशित, बन्द ।

११ ***मुना*** - प्रधान सम्पादक भोलाप्रसाद उपाध्याय, प्र. जनता हाइस्कूल, शंकरपुर, दर्ता नभएको, एक अङ्क मात्र २०२७ असोजमा प्रकाशित, मूल्य रु. १।५०, विद्यार्थी र शिक्षकका रचनाहरूको सङ्गालो ।

१२ ***मैथिली*** - सं. लक्ष्मण शास्त्री, प्रफुल्ल कुमार मौन र गणेशलाल कर्ण, प्र. मैथिली साहित्य परिषद्, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०२७ मङ्सिरमा प्रकाशित, मूल्य रु.१।-, जम्मा आठ अङ्क (२०२९ पुस) प्रकाशित भएको पाइए पनि १२ देखि १४ अङ्कसम्म प्रकाशित भएको अनुमान, प्रकाशन बन्द ।

१३ ***कन्दरा*** - प्रधान सम्पादक गोकुल पोखरेल, प्र. राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल, मोरङ, दर्ता नभै प्रकाशित, पहिलो अङ्क २०२७ फागुनमा निस्केको, जम्मा दुई अङ्क प्रकाशित, दोस्रो अङ्क (२०२९) का सम्पादकत्रय जीतबहादुर अर्जेल, लैनबहादुर खड्का र गोकुल पोखरेल ।

१४ ***फेवा*** - सं. रमेश पाखे, प्र. फेवा साहित्यिक परिवार, दर्ता नभएको, पहिलो अङ्क २०२८ जेठमा प्रकाशित, मूल्य -।७५ पैसा, साहित्यिक सामयिक तरङ्ग भनिएको, पछि दर्ता भै त्रैमासिकको रूपमा निस्केको ।

१५ ***मकालु*** - सं. चन्द्र सिन्हा बुढाथोकी, माधवप्रसाद अर्जेल र लोकमान मास्के, प्र. मकालु परिवार, मिल्स एरिया, दर्ता नभएको, पहिलो अङ्क २०२८ जेठमा प्रकाशित, जम्मा तीन अङ्क प्रकाशित भै बन्द, तेस्रो अङ्क २०२९ असोज-कात्तिकमा निस्केको ।

१६ ***विकास*** - सं. मदनप्रसाद नेपाल, प्र. विकास परिवार, हाटखोला, दर्ता नभएको, पहिलो अङ्क २०२८ असोजमा र दोस्रो अङ्क सोही वर्षको फागुनमा निस्केपछि बन्द, सामयिक साहित्यिक सङ्कलन ।

१७ ***बरगाछी*** - सं. दधिराज सुवेदी, प्र. गुराँस पुस्तकालय, दर्ता नभएको, पहिलो अङ्क २०२८ असोजमा प्रकाशित, चौथो अङ्क २०३० कात्तिक-पुसमा निस्केपछि बीचमा बन्द भै पाँचौं अङ्क २०३६ असोजमा निस्केदेखि पुनः प्रकाशन, २०४० मा आठौं अङ्क छापिएपछि प्रतिबन्धित र बहुदलको आगमनपछि पुनः प्रकाशन प्रारम्भ भै कहिलेकाहीँ निस्कने गरेको, चौथो अङ्कको सम्पादक जनार्दन खड्का र पाँचौं अङ्कको सम्पादक गुराँस पुस्तकालय, मोरङबाट निस्केका साहित्यिक सामयिक पत्रिकाहरूमध्ये विशिष्ट र महत्त्वपूर्ण, अहिलेसम्म ११ अङ्क प्रकाशित भएको ।

१८ ***टाकटुक*** - सं. सुशील नेपाल, प्र. अनुल्लिखित, दर्ता नभै प्रकाशित, प्रकाशन मिति उल्लेख नभएकोमा जम्मा फेला परेको एक अङ्क २०२८ कात्तिकमा निस्केको अनुमान, मूल्य २० पैसा, सामयिक खल्तिका भनिएको, प्रायः सबै रचना साभार ।

१९ ***हिमाली सौगात*** - सं. पूर्णप्रकाश नेपाल, प्र. हिमाली सौगात प्रकाशन, दर्ता नभै प्रकाशित, पहिलो अङ्क हिमाली पुस्तकालय सुनसरीको प्रकाशकत्वमा २०२८ पुसमा प्रकाशित भए पनि दोस्रो अङ्कदेखि विराटनगरबाट प्रकाशित हुन थालेको, जम्मा आठ अङ्क सामयिक सङ्कलनका रूपमा निस्केपछि द्वैमासिकको रूपमा ५।०३१ दर्ता नम्बर अन्तर्गत प्रकाशित ।

२० ***शंखध्वनि*** - सं. महेश चापागाईं र फणिराज नेपाल, प्र. राष्ट्रवादी पंचशील मनोरञ्जनालय, दर्ता नभएको, पहिलो अङ्क २०२८ पुसमा प्रकाशित, जम्मा दुई अङ्क मात्रै प्रकाशन भै बन्द, दोस्रो अङ्कका सम्पादक विश्वनाथ कोही ।

२१ ***जमरा*** - सं. जवाहर रोका, प्र. मिल्स हाइस्कूल, दर्ता नभएको, एक अङ्क २०२८ फागुनमा प्रकाशित भै निस्कन छाडेको, मूल्य रु.१।- ।

२२ ***हत्केलो*** - सं./प्र. लेखनाथ शर्मा निराला, दर्ता नभएको, पहिलो अङ्क २०२८ फागुनमा प्रकाशित, जम्मा तीन अङ्क प्रकाशित भै निस्कन छाडेको, गोजिका आकारमा छापिएको ।

२३ ***किरण*** - सं. रमेशकुमार प्रधान, प्र. किरण परिवार, दर्ता नभएको, पहिलो अङ्क २०२९ वैशाखमा प्रकाशित, पाँचौं अङ्क २०३० पुस-माघमा निस्केपछि प्रकाशन बन्द, तेस्रो अङ्कदेखि प्रकाशक पनि सम्पादक स्वयं, मूल्य रु.१।- ।

२४ ***मुनाल*** - सं. वासुदेव मुनाल, प्र. मुनाल मनोरञ्जनालय तथा पुस्तकालय, दर्ता नभएको, एक अङ्क २०२९ वैशाखमा प्रकाशित, सामयिक खोजीमेली भनिएको, जम्मा दुई अङ्क प्रकाशित ।

२५ ***नववर्ष*** - सं. के.बी. डमजन, प्र. रंजित मल्ल, दर्ता नभएको, पहिलो अङ्क २०२९ वैशाखमा प्रकाशित ।

२६ ***दिव्यश्री*** - प्रधान सम्पादक प्र. विजय अर्याल, दर्ता नभएको, एक अङ्क २०२९ असारमा प्रकाशित, मूल्य २० पैसा, गोजिका आकारमा ।

२७ ***पूर्वल*** - सं. हरिनारायण राय, प्र. पूर्वल परिवार, पहिलो अङ्क २०२९ साउनमा प्रकाशित, पहिलो अङ्कमा सम्पादकको नाम नभएको र प्रकाशक हरिनारायण राय, दोस्रो अङ्क २०२९ असोजमा गोजिकाको आकारमा निस्केको, तेस्रो अङ्क २०३० वैशाखमा र चौथो अङ्क २०३० असोजमा निस्केकोमा पाँचौ अङ्क २०३६ मा प्रकाशित, प्रकाशन बन्द ।

२८ ***सपना*** - प्रधान सम्पादक विजय कार्की, प्र. संजय खड्का, दर्ता नभएको, जम्मा एक अङ्क २०२९ असोजमा प्रकाशित, मूल्य ५० पैसा ।

२९ ***बालमंजरी*** - सङ्गाल्ने र छपाउने दिंलाली चापागाईं "दिंला", काउलेली बस्नेत "काउले" र दिंला तुंगेछा (नागी), दर्ता नभएको, जम्मा एक अङ्क मात्र २०२९ असोज-कात्तिकमा प्रकाशित, मूल्य २५ पैसा, कान्छी गोजिका भनिएको ।

३० ***सज्जन*** - सं./प्र. महेशकुमार चापागाईं, दर्ता नभएको, पहिलो अङ्क २०२९ असोजमा र दोस्रो अङ्क २०२९ पुसमा प्रकाशित, बीचमा ६ वर्ष प्रकाशन स्थगित रहेपछि पुनः २०३६ असोजमा वर्ष ८ अङ्क १ प्रकाशित, यस अङ्कका सम्पादक प्रकाशकुमार चापागाईं, सामयिक साहित्य सङ्कलन, हाल बन्द ।

३१ ***अपुङ्गो*** - सं./प्र. लोकमान मास्के, दर्ता नभएको, पहिलो अङ्क २०२९ फागुनमा प्रकाशित, जम्मा पाँच अङ्क प्रकाशित भै बन्द, अन्तिम अङ्क २०३० माघ-चैतमा निस्केको, सामयिक साहित्य सङ्कलन ।

३२ ***ऐश्वर्य*** - सं./प्र. विजय आचार्य, विना दर्ता एक अङ्क २०२९ मा प्रकाशित ।

३३ ***वास्तविकता*** - सं. मदन राई र निशम छाङ, प्र. राजेन्द्र विष्ट, दर्ता नभएको, जम्मा एक अङ्क २०३० पुसमा प्रकाशित, मूल्य रु.१।२५ ।

३४ ***नौलो मुहार*** - सं. जवाहर रोका, प्र. विराटनगर नगर पञ्चायत, वडा नं. १७ का युवाहरू, पहिलो अङ्क २०३० मा प्रकाशित, अरू विवरण थाहा हुन नसकेको ।

३५६ ***प्रयास***- सं. दुर्गाप्रसाद श्रेष्ठ, पत्रिका उपलब्ध हुन नसकेकोले अरू विवरण थाहा हुन नसकेको ।

३६ ***प्रेरणा*** - सं. विजयदेव खनाल, पत्रिका उपलब्ध हुन नसकेकोले पत्रिकाबारे थप विवरण प्राप्त हुन नसकेको ।

३७ ***सुसेली*** - सं./प्र. दधिराज सुवेदी, दर्ता नभएको, जम्मा एक अङ्क २०३१ फागुनमा शुभराज्याभिषेकको अवसर पारेर प्रकाशित, मूल्य रु.१।-, वर्ष १ अङ्क १ लेखिए पनि "कविता सङ्ग्रह" भनिएको, सम्पादकीय र प्रकाशकीय दुबै नभएको ।

३८ ***महेन्द्र मोरङ आदर्श क्याम्पस बुलेटिन*** - सं. बालकृष्ण पोखरेल, नरेन्द्र चापागाईं, लक्ष्मण शास्त्री, भेषप्रसाद धमला, मेदिनीप्रसाद शर्मा र गणेश खत्री, प्र. महेन्द्र मोरङ आदर्श क्याम्पस, दर्ता नभएको, पहिलो अङ्क २०३१ फागुनमा शुभराज्याभिषेक विशेषाङ्कको रूपमा प्रकाशित, भाषा- अङ्ग्रेजी र नेपाली, जम्मा दुई अङ्क प्रकाशित, दोस्रो अङ्क (२०३५ फागुन) का सम्पादक मण्डलका संयोजक जीवेश्वर लाखे, पहिलो अङ्कमा बुलेटिन भनिए पनि दोस्रो अङ्कमा जर्नल भनिएको, दुबैमा मूल्य अनुल्लिखित ।

३९ ***मुक्ति*** - सं. चन्द्रकुमार गदाल, प्र. नेपाल राष्ट्रिय दलित जनविकास परिषद्, मोरङ, दर्ता नभएको, पहिलो अङ्क २०३२ सालमा प्रकाशित, दोस्रो अङ्कदेखि छैठौं अङ्कसम्मका सम्पादक साधुराम सुनाम, पूर्णाङ्क ७ देखि सम्पादक किशोर विश्वकर्मा, जम्मा नौ अङ्क निस्केकोमा पूर्णाङ्क ७ र ८ गोजिका आकारमा ।

४० ***Management Reporter*** – Chief editor Arun Kumar Das, Publisher Degree Programme, Business Administration and Commerce, Tribhuwan University, IBACPA, Mahendra Morang Adarsha Multiple Campus, Biratnagar, Only one issue published without registration in 2034, Language– English, Price– Rs.15/–.

४१ ***आँकुरा*** - सं./प्र. श्यामकुमार अधिकारी, मो.जि.का.द.नं. ४२।०३९-४०, पहिलो अङ्क २०३५ वैशाखमा प्रमोद प्रधानको सम्पादनमा दर्ता नभै निस्केको, पहिलो र दोस्रो अङ्कको प्रकाशक- राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल, मोरङ, तेस्रो अङ्कदेखि प्रकाशक आँकुरा परिवार, तेस्रो अङ्कदेखि सम्पादकमा प्रमोद प्रधान र श्यामकुमार अधिकारी, २४ अङ्क निस्किसकेको, हाल पनि निस्किरहेको, अवधि स्पष्ट नभएको ।

४२ ***साइत*** - सं./प्र. केदार कोइराला अतीत र मोहन निरौला, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०३६ वैशाखमा निस्केको, साहित्यिक रूपमा तीन अङ्क प्रकाशित भएपछि समाचारपत्रको रूप लिएको, जम्मा आठ अङ्क निस्की बन्द, दोस्रो अङ्कदेखि सम्पादक/प्रकाशक केदार कोइराला अतीत मात्र, विभिन्न आकारमा प्रकाशित ।

४३ ***नवागन्तुक छचल्काहरू*** - सं. रामबाबु दाहाल, प्र. बाल विशेषाङ्क सम्पादन तथा प्रकाशन समिति, अन्तर्राष्ट्रिय बाल वर्ष १९७९ मोरङ, दर्ता नभएको, पहिलो अङ्क २०३६ असारमा प्रकाशित, जम्मा तीन अङ्क प्रकाशित भै बन्द, तेस्रो अङ्कको प्रकाशक नवागन्तुक छचल्काहरू, बाल विशेषाङ्क परिवार (२०३७ भाद्र) ।

४४ ***आवेग - *** सं. धर्मप्रसाद श्रीस र शर्मानन्द चौधरी, प्रकाशिका दुर्गा श्रीस, दर्ता नभएको, पहिलो अङ्क २०३६ भदौमा प्रकाशित, जम्मा दुई अङ्क प्रकाशित भै निस्कन छाडेको, साहित्य प्रधान पत्रिका, दोस्रो र तेस्रो संयुक्ताङ्कको सम्पादक तथा प्रकाशक दुर्गा श्रीस, मूल्य- रु. २।- ।

४५ ***हजूर - *** सं. डी.एन. उपाध्याय र अशोक नेपाल दीन, प्र. अनुल्लिखित, दर्ता नभै जम्मा एक अङ्क २०३६ फागुनमा प्रकाशित, मूल्य रु.१।५०, सम्पादकीय र प्रकाशकीय नभएको ।

४६ ***ज्ञान-दीप - *** प्रधान सम्पादक ज्ञानप्रसाद फुयल, प्र. लीलादेवी, दर्ता नभएको, पहिलो अङ्क २०३७ कात्तिकमा प्रकाशित, मूल्य रु.२।-, साहित्यिक सङ्कलन, बन्द ।

४७ ***सौदामिनी - *** सं./प्र. गंगाप्रसाद न्यौपाने, दर्ता नभएको, पहिलो अङ्क २०३७ कात्तिकमा प्रकाशित, सम्पादकीय र प्रकाशकीय दुबै नभएको, बन्द ।

४८ ***प्रभात - *** सं. जगदीशराज बराल, प्र. प्रभात जनसाहित्य परिवार, जि.का.का.द.नं. ४८।०३६-३७, काठमाडौंमा दर्ता भै पहिलो अङ्क त्यहीबाटै प्रकाशित, दोस्रो अङ्क २०३७ पुसमा विराटनगरबाट निस्केको, मूल्य रु.१।-, बन्द ।

४९ ***The Pioneer*** – Editor/Publisher– Peshal Dahal and Ramesh Dahal, only one issue published without registration in Poush 2037, Language– English/Nepali, Price– Rs. 5/–, Socio–Economic Journal.

५० ***जनआन्दोलन - *** सं./प्र. जयप्रकाश आनन्द, दर्ता नभएको, पहिलो अङ्क २०३७ फागुन-चैतमा प्रकाशित, मूल्य रु. ४।-, राष्ट्रियता, प्रजातन्त्र र समाजवादी चिन्तनको सामयिक सङ्कलन, बन्द ।

५१ ***आन्दोलन - *** सम्पादकद्वय रमेश तूफान र महेश प्रसाईं, दर्ता नभएको, पहिलो अङ्क २०३७ मा प्रकाशित, महिना अनुल्लिखित, मूल्य रु. २।५०, प्रकाशक पनि उल्लेख नभएको, जम्मा चार अङ्क निस्की बन्द, दोस्रो अङ्कदेखि सम्पादक रमेश तूफान मात्र, तेस्रो अङ्क सत्यकथा अङ्कको रूपमा प्रकाशित ।

५२ ***कर्तव्य - *** सं. जसराज राई र साथीहरू (६ जना), प्र. कर्तव्य परिवार, दर्ता नभएको, पहिलो अङ्क २०३७ दशैंमा प्रकाशित, बन्द ।

५३ ***ऐश्वर्य - *** प्रधान सम्पादक सुशीला चापागाईं, प्र. नेपाल महिला सङ्गठन, मोरङ, दर्ता नभएको, पहिलो अङ्क २०३७ मा प्रकाशित, जम्मा दुई अङ्क प्रकाशित भै बन्द ।

५४ ***विराट - *** सं. श्यामकुमार अधिकारी, प्र. विराट राष्ट्रिय क्लब, शान्ति मार्ग, विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०३८ असारमा प्रकाशित, मूल्य रु.४।-, साहित्यिक सङ्कलनका रूपमा अहिलेसम्म आठ अङ्क निस्किरहेको ।

५५ ***अङ्ग-अपाङ्ग - *** सं./प्र. केदार कोइराला, दर्ता नभएको, एक अङ्क २०३८ असोजमा प्रकाशित भै बन्द, मूल्य- रु.१।२५, अपाङ्ग विशेषाङ्क ।

५६ ***पुनस - *** सं. रमेश तूफान, प्र. पुनस प्रकाशन, विना दर्ता एक अङ्क २०३९ वैशाख-असारमा प्रकाशित भएपछि बन्द, मूल्य अनुल्लिखित ।

५७ ***कोशिका*** - सं. सुवास ढकाल, प्र. तरुण तीनपैनी, दर्ता नभएको, प्रकाशन मिति उल्लेख नभए पनि २०३९ असार-भाद्रमा प्रकाशित भएको अनुमान, मूल्य २५ पैसा, गोजिका, एक अङ्क प्रकाशित भै बन्द ।

५८ ***तोक्मा*** - सं./प्र. सुदर्शन श्रेष्ठ, दर्ता नभएको, एक अङ्क २०३८ पुस-माघमा निस्केपछि प्रकाशन बन्द, मूल्य अनुल्लिखित ।

५९ ***किल्ला*** - सं./प्र. गोपाल गुरागाईं, विना दर्ता पहिलो अङ्क १९८२ फरवरी (२०३८ माघ-फागुन) मा प्रकाशित, मूल्य रु.१।-, अरू अङ्क प्रकाशित भएको नदेखिएको, प्रकाशन बन्द ।

६० ***Science Spectrum*** – Editor S.N.S. Sudhanshu, publisher Institute of Science and Technology, Mahendra Morang Adarsha Multiple Central Campus, First issue published without registration in September–October 1982 (Aswin 2039), Language– English.

६१ ***आमा*** - पत्रिका उपलब्ध नभएकोले विवरण दिन नसकिएको ।

६२ ***विद्यार्थी पाइलो*** - सं./प्र. अनेरास्ववियु, मोरङ जिल्ला कमिटी, विना दर्ता प्रकाशित, पहिलो अङ्कको प्रकाशन मिति थाहा हुन नसकेको, दोस्रो अङ्क २०४० साउनमा निस्केको ।

६३ ***नौलो क्षितिज*** - सं. बी.एन. शर्मा, जी.एम. पहाडी, प्र. जनसांस्कृतिक समिति, दर्ता नभएको, पहिलो अङ्क २०३९ पुसमा प्रकाशित, जम्मा दुई अङ्क निस्की प्रकाशन बन्द ।

६४ ***लालित्य युवा क्लब*** - प्रधान सम्पादक भुवनेश्वर मण्डल, प्र. लालित्य युवा क्लब, विना दर्ता प्रकाशित, जम्मा एक अङ्क अन्तर्राष्ट्रिय युवा वर्ष १९८५ मा छापिएको, मूल्य अनुल्लिखित ।

६५ ***सनातन सन्देश*** - प्रधान सम्पादक कृष्णराज कोइराला, प्र. सनातन धर्म सेवा समिति, मोरङ शाखा, दर्ता नभएको, जम्मा एक अङ्क प्रकाशित, प्रकाशन मिति एक ठाउँमा २०४२ साउन र अर्को ठाउँमा २०४२ भाद्र छापिएको, मूल्य रु.१०।- ।

६६ ***हौली*** - सम्पादक मण्डल परशुराम भगत, रुद्रनारायण चौधरी, पंचलाल माझी र बोधनारायण सरदार, प्र. हौली परिवार, मोरङ-सुनसरी, बिना दर्ता प्रकाशित, मोरङबाट प्रकाशित थारु भाषाको पहिलो पत्रिका, मूल्य रु.४।-, जम्मा पाँच अङ्क निस्केर बन्द भएको अनुमान ।

६७ ***तरङ्ग*** - सम्पादकद्वय बद्रिप्रसाद भिखारी र विवश पोखरेल, प्र. अनुल्लिखित, विना दर्ता एक अङ्क २०४३ साउन-भदौमा प्रकाशित, मूल्य रु.१।५०, समसामयिक सङ्कलन, गोजिका आकार ।

६८ ***मितेरी*** - सं. केन्द्र परिवार, प्र. मितेरी परिवार, दर्ता नभएको, जम्मा एक अङ्क प्रकाशित, प्रकाशन मिति उल्लेख नभए पनि सामग्रीका आधारमा २०४३ कात्तिकमा पहिलो अङ्क प्रकाशित भएको अनुमान, मूल्य रु.५।-, चिनारी अङ्क २०४३ भनिएको ।

६९ ***नवकृति*** - प्रधान सम्पादक अम्बिका रिजाल, प्र. अपाला साहित्य परिवार, विना दर्ता एक अङ्क मात्र प्रकाशित, प्रकाशन मिति उल्लेख नभए पनि सामग्रीका आधारमा २०४३ पुसमा निस्केको अनुमान, मूल्य रु.५।- ।

७० ***मोती*** - सं. अम्बिका रिजाल र विवश पोखरेल, प्र. आंकुरा प्रकाशन, विना दर्ता प्रकाशित, जम्मा एक अङ्क २०४५ नयाँ वर्षमा निस्केर बन्द, मूल्य रु.५।- ।

७१ ***हिमाली*** - सं./प्र. जीतेन्द्रजीत, दर्ता नभएको, जम्मा एक अङ्क २०४७ वैशाख-असारमा निस्केर बन्द, मूल्य रु. २।- नेपाली भाषाको पहिलो फोल्डर पत्रिका भनिएको ।

७२ ***विचयन*** - सम्पादक मण्डल नगेन्द्र केशरी, पूर्णचन्द्र दाहाल र राजेश्वर रेग्मी, प्रकाशक विचयन परिवार, दर्ता नभै २०४८ असोज-मङ्सिरमा एक अङ्कमात्र प्रकाशित भै निस्कन छाडेको, मूल्य रु.१०।- ।

७३ ***विभूति*** - सं. श्यामकुमार अधिकारी, प्र. भृकुटी समाजसेवा केन्द्र, विराटनगर-१२, दर्ता नभै प्रकाशित, जम्मा एक अंक पुस २०५४ मा प्रकाशित, मूल्य रु. ५।- ।

७४ ***विराट सन्देश*** - प्रधान सम्पादक शंकर चौलागाईं, प्र. नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, कृषि विकास बैंक, मोरङ, एक अङ्क २०५७ असोज-कात्तिकमा प्रकाशित ।

**अन्य**

१ ***दर्पण*** - सम्पादक तथा प्रकाशकद्वय- नरेन्द्रप्रसाद घिमिरे र गोविन्दप्रसाद ओझा, प्र.जि.अ.का.द.नं.६।०३२-३३, प्रकाशित भए-नभएको थाहा हुन नसकेको ।

२ ***सिर्जना*** - प्रधान सम्पादक प्र. गंगाप्रसाद न्यौपाने, जि.का.मो.द.नं. १०।०३६-३७, पहिलो अङ्क २०३६ मङ्सिरको पहिलो पक्षमा प्रकाशित, मूल्य रु.१।-, साहित्य एवं विचार प्रधान पत्रिका भनिएको, अवधि उल्लेख नभएको, प्रकाशन बन्द ।

३ ***सयपत्री*** - सं./प्र. ऋतुवर्ण पराजुली, मो.जि.का.द.नं. ११।०३७, पहिलो अङ्क २०३७ असोजमा प्रकाशित, मूल्य रु.१।-, कति अवधिबीच प्रकाशन हुने उल्लेख नभएको, केवल जर्नल लेखिएको, प्रकाशन बन्द, *अभिवादन*को दर्ता खारेज गरिएपछि दर्ता गरिएको, २०३८ को कात्तिकसम्म प्रकाशनमा देखिएको ।

४ ***आँशु*** - पहिलो अङ्कमा सम्पादकको नाम नभएको, प्र. आँशु प्रकाशन, मो.जि.का.द.नं. १५।०३८-३९, पहिलो अङ्क २०३९ साउनमा प्रकाशित, मूल्य रु.१।-, नेपाली पत्रिका भनिएको, साहित्यिक हो वा समाचारपत्र केही उल्लेख नभएको, दोस्रो र तेस्रो अङ्कको सम्पादक मीना श्रेष्ठ, चौथो अङ्कदेखि सम्पादक मोहन निरौला, पछि केही समय साप्ताहिक रूपमा नियमित प्रकाशिथ हाल बन्द ।

५ ***कमला*** - सं. जीतेन्द्र जीत, प्र. सम्पादक स्वयं, दर्ता नभएको, जम्मा एक अङ्क सन् १९९० अप्रिलमा विश्व मैथिली साहित्यकार परिचय विशेषाङ्कका रूपमा प्रकाशित, मैथिली भाषाको पहिलो फोल्डर पत्रिका भनिएको ।

६ ***पाइला*** - सं. तोया गौतम, प्र. प्लान इन्टरनेशनल, भोजपुर तथा सुनसरी- मोरङ कार्यक्रम, दर्ता नभएको, पहिलो अङ्क प्रकाशित भएको मिति थाहा हुन नसके पनि दोस्रो अङ्क नोभेम्बर १९९७ मा प्रकाशित, प्लान इन्टरनेशनल विराटनगर (सुनसरी, मोरङ, भोजपुर) को ग्रामीण विकासका प्रयासका सामूहिक पाइलाहरू, तेस्रो अङ्क (अप्रिल, १९९८)का सम्पादकहरू- कीर्तिसुशील जोशी, बद्री श्रेष्ठ र नूरजंग थापा, चौथो अङ्क (सेप्टेम्बर, १९९८)का सम्पादकहरू कीर्तिसुशील जोशी र बद्री श्रेष्ठ, अरू अङ्क नदेखिएको ।

७ ***हिमाली*** - सं. जीतेन्द्र जीत, प्र. सम्पादक स्वयं, दर्ता नभएको, जम्मा एक अङ्क वैशाख-असार २०४७ मा प्रकाशित, भाषा-नेपाली, मू. रु. २।-, जम्मा आठ पृष्ठ, लघुकथा विशेषाङ्कका रूपमा प्रकाशन भएको, नेपाली भाषाको पहिलो फोल्डर पत्रिका भएको दावी ।

८ ***मिल्स एरिया*** - सं./प्र. चन्द्र सिन्हा बुढाथोकी, दर्ता नभै जम्मा एक अङ्क मात्र २०५४ मा प्रकाशित, भाषा-नेपाली र अङ्ग्रेजी, मूल्य- अनुल्लिखित, मुखपत्र- २०५४ भनिए पनि संस्थाको नाम कतै उल्लेख नभएको ।

९ ***Expressions*** - Editorial Crew Anish Pyakurel, Bhaskar Thapa, Bivek Kr. Shah, Prabina Shrestha, Prashant Kr. Lal, Rishi Todi, publisher Management Campus, Purbanchal University, Biratnagar, Inagural Issue– 2000, Language– English, Nepali.

१० ***चेतना* -** सम्पादक मण्डल तुलसीप्रसाद घिमिरे, सीताराम भण्डारी र दीनदयाल न्यौपाने, प्र. बाल तथा महिला उत्थान केन्द्र, विराटनगर, दर्ता नभएको, वर्ष र अङ्क दुबै अनुल्लिखित, प्रकाशन २०५७ ।

११ ***मेधा* -** सं. थाहा नभएको, प्रकाशक महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, पहिलो अङ्क २०५७ सालमा प्रकाशित, जर्नल भनिएको, अरू विवरण थाहा हुन नसकेको ।

१२ ***विश्लेषण* -** सम्पादकद्वय महिनारायण चौधरी र चक्रपाणी खनाल, प्र. नेपाल प्राध्यापक सङ्घ, स्नातकोत्तर क्याम्पस इकाई, विराटनगर, पहिलो अङ्क प्रकाशन मिति थाहा हुन नसकेपनि चौथो अङ्क सन् २००१ मा निस्किएको, भाषा नेपाली र अङ्ग्रेजी, जर्नल भनिएको कति समयबीच निस्कने भन्ने अनुल्लिखित ।

१३ ***विराट उपभोक्ता कोसेली* -** सम्पादन मण्डल रमेशचन्द्र पौडेल (संयोजक) र वीरबहादुर राई, तारानाथ निरौला, महेश लोहनी, कृष्णप्रसाद ओझा र नवराज निरौला, प्र. उपभोक्ता हित संरक्षण समिति, पहिलो अङ्क २०५९ असारमा प्रकाशित, अवधि उल्लेख नभएको, मुखपत्र ।

१४ ***सहकारी दर्पण*-** सम्पादकत्रय गोपाल पोखरेल, पदमा श्रेष्ठ र काशीराज पराजुली, प्र. हुलाक कर्मचारी बहुउद्देश्यीय सहकारी संस्था लि., पहिलो अङ्क २०५९ असारमा प्रकाशित, अवधि अनुल्लिखित ।

१५ ***प्रयास* -** सं. कृष्णप्रसाद भण्डारी समेत छ जना, प्र. राष्ट्रसेवक बहुमुखी सहकारी संस्था लि. विराटनगर, दर्ता नभएको, पहिलो अङ्क २०५९ मा प्रकाशित, अवधि अनुल्लिखित ।

१६ ***Our Nature*** - Editor Dr. Bharat Raj Subba, publisher Nature Conservation and Health Care Council, Biratnagar, Not Registered, first issue published in 2059, Language–English, Biological Journal .

१७ ***कोपिला* -** सम्पादन समूह दधिराज सुवेदी (संयोजक) तथा सदस्यहरू सुलेखा मानन्धर र तोयम रायमाझी, प्र. जिल्ला बाल कल्याण समिति, मोरङ, दर्ता नभएको, पहिलो अङ्क २०५९ मार्गमा प्रकाशित भनिए पनि २०५९ चैतमा मात्र विमोचन, आवरणमा मुखपत्र र शुभकामनामा "स्मारिका" भनिएको, अवधि पनि स्पष्ट नभएको, मूल्य रु.१९९।- ।

१८ ***सुकुना-सौरभ* -** सम्पादक मण्डल प्रेमप्रसाद भट्टराई (संयोजक) र सदस्यद्वय मोहनप्रसाद काफ्ले र अमृतप्रसाद आचार्य, प्र. त्रि.वि. प्राध्यापक सङ्घ क्याम्पस एकाई, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, दर्ता नभएको, पहिलो अङ्क प्रकाशित भएको मिति थाहा नभएको, दोस्रो अङ्क चैत, २०५९ मा प्रकाशित, अवधि अनुल्लिखित ।

१९ ***सहारा* -** सम्पादक मण्डल महानन्द सापकोटा, रामलाल सुतिहार, प्रदीप राजवंशी, मञ्जु गौतम र रोजी श्रेष्ठ, प्र. क्षेत्रीय सञ्चार स्रोत केन्द्र, आधारभूत पत्रकारिता तालिम, छैटौं समूहका प्रशिक्षार्थी, दर्ता नभएको, जम्मा एक अङ्क २०६० फागुनमा प्रकाशित, मूल्य रू. ५।- ।